# FIA ACTION FOR ROAD SAFETY

# दोस्रो विश्व सडक सुरक्षा सप्ताह

(६-१२ मइ २०१३)

## **Second UN Global Road Safety Week**, 6-12 May 2013

## के तपाईँलाई थाहा छ ?

हरेक वर्ष विश्वमा १३ लाख मानिसहरूले सडक दुर्घटनामा जीवन गुमाउने गर्दछन् ।

हरेक वर्ष विश्वमा करिब ५ करोड व्यक्तिहरु सडक दुर्घटनामा घाइते हुने गरेका छन् ।

हरेक बर्ष विश्वमा २ लाख ७० हजार बटुवाहरूको सडक दुर्घट्नामा मृत्यु हुने गर्दछ ।

नेपालमा प्रत्येक वर्ष करिब १२ हजार दुर्घटनाहरु हुने गरेका छन् र करिब २ हजार व्यक्तिहरु सडक दुर्घटनामा मारिने गरेका छन् ।

## सुरक्षित सडक र सवारीका १२ स्वर्ण नियमहरु

### सवारी चालकहरूका लागि

- सवारी चलाउँदा तोकिएको गतिभन्दा छिटो सवारी नचलाऔँ ।
- सवारी चलाउँदा सधैँ सिट बेल्ट र हेल्मेटको प्रयोग गरौँ ।
- लेन अनुशासन, सडक सङ्केत तथा ट्राफिक लाइटहरूको सधैँ पालना गरौँ, जथाभाबी ओभरटेक नगरौँ ।
- तनाव र अस्वस्थता भएको समयमा तथा मादक पदार्थ सेवन गरी सवारी नहाकौँ ।
- सवारी चलाउनु अगाडि आफ्नो सवारी साधन सबै हिसाबले ठिक छ छैन जाँच गरौँ । सवारी साधनको नियमित मर्मत सम्भार गरौँ ।
- पैदल यात्रु तथा अन्य सवारी चालकहरूलाई सम्मान र हँसिलो व्यवहार गरौँ, जथाभाबी हर्न नबजाऔँ ।
- सवारी चलाउँदा सडकमा ध्यान केन्द्रित गरौँ, मोबाइल फोन तथा ठुलो आवाजमा रेडियो क्यासेटहरु प्रयोग नगरौँ ।
- पैदल यात्रु, ज्येष्ठ नागरिक, बालबालिका, बिरामी तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सडकमा पहिलो प्राथमिकता दिऔँ ।

### पैदल यात्रुहरूका लागि

- सडकमा हिँड्दा सधैँ सडक पेटीको प्रयोग गरौँ । सडक सवारीका लागि हो, पैदल यात्रुका लागि होइन ।
- सधैँ जेब्रा क्रस, सब वे वा आकासे पुलबाट मात्र बाटो काटौँ । यस्ता ट्राफिक सङ्केत नभएका स्थानमा बाटो काट्दा दायाँ बायाँ हेरी हातले सवारी रोक्ने इसारा गर्दै बाटो काटौँ ।
- जथाभाबी सार्वजनिक यातायात रोक्न दबाब नदिऔँ । केवल बस स्टपबाट चढौं र बस स्टपमा नै आर्लने गरौँ ।
- बाटो काट्दा ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र बिरामीलाई प्रथमिकता दिऔँ र सहयोग गरौँ ।

## Pedestrian Safety

## सुरक्षीत सडक र सवारी : हामी सबैको जीम्मेवारी

Supported by FIA Foundation for the Automobile and Society

Youth for Road Safety in Nepal

Nepal Automobile Sports Association
नेपाल अटोमोबाईल स्पोर्टस् एसोसिएसन

ROAD SAFETY FORUM NEPAL

for a larger freedom
स्वतन्त्रता अभियान
SWATANTRATA ABHIYAN